# नेपाल जाइका अलमनाई एसोसिएसनको
# विधान, २०४७

(वि.सं. २०५३, २०५६, २०६६, २०६८, २०७०, २०७६ र २०७८ को संशोधन सहित)

नेपाल जाइका अलमनाई एसोसिएसन

काठमाडौं, नेपाल

# नेपाल जाइका अलमनाई एसोसिएसनको

# विधान, २०४७

लागू भएको : २०४७
पहिलो संशोधन : २०५३
दोस्रो संशोधन : २०५६
तेस्रो संशोधन : २०६६
चौथो संशोधन : २०६८
पाँचौं संशोधन : २०७०
छैठौं संशोधन : २०७६
सातौं संशोधन : २०७८

## प्रस्तावना:

जाइकाबाट जापानमा अध्ययन तालिम प्राप्त गरी फर्केका नेपालीहरुबीच सुसम्बन्ध कायम गरी आफुले हासिल गरेका ज्ञान र अनुभव सुव्यवस्थित ढंगवाट आदान प्रदान गरी देश विकासको प्रक्रियामा अझ बढी योगदान पुऱ्याउन नेपाल जाइका अलमनाई एसोसिएसनको साधारण सभाले यो विधान बनाई जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१(१) यस विधानको नाम: "नेपाल जाइका अलमनाई एसोसिएसनको विधान" रहनेछ।

१(२) यो विधान तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,-

२(१) 'समिति' भन्नाले कार्यकारी समिति सम्झनु पर्दछ।

२(२) 'एसोसिएसन' भन्नाले नेपाल जाइका अलमनाई एसोसिएसन सम्झनु पर्दछ।

२(३) 'जाइका (JICA)' भन्नाले जापान अन्तराष्ट्रिय सहयोग नियोग (Japan International Coorparation Agency) सम्झनु पर्दछ।

२(४) 'विधान' भन्नाले नेपाल जाइका अलमनाई एसोसिएसनको विधान सम्झनु पर्दछ। (यस नाम परिवर्तनबाट यस विधानमा पुरानो नामको ठाउँमा नयाँ नाम र क्लवको ठाउँमा एसोसिएसन भनी परिवर्तन गरिएको छ)।

**३. एसोसिएसनको स्थापना:**

३(१) नेपाल जाइका अलमनाई एसोसिएसनको नामबाट एउटा संस्था स्थापना गरिएको छ। अग्रेंजीमा यसलाई JICA Alumni Associations of Nepal र छोटकरीमा JAAN भनिनेछ।

३(२) एसोसिएसन कुनै किसिमको राजनैतिक तथा धार्मिक क्रियाकलापमा भाग नलिने गैर राजनैतिक संस्था हुनेछ।

३(३) एसोसिएसन अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ।

**४. एसोसिएसनको छापः**

४(१) एसोसिएसनको काम कारबाही सञ्चालन गर्नका लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

**५. एसोसिएसनको कार्यालयः**

५(१) एसोसिएसनको मुख्य कार्यालय काठमाडौं उपत्यकाभित्र रहनेछ ।

५(२) समितिले आवश्यक ठानेमा ↔नेपालका ¥अन्य क्षेत्रमा पनि शाखा कार्यालय स्थापना गर्न सक्नेछ ।

## परिच्छेद-२

**६. एसोसिएसनको उद्देश्यः**

एसोसिएसनको देहाय बमोजिमको उद्देश्य रहनेछ :-

६(१) जापानमा अध्ययन वा तालिम लिई फर्केपछी पनि सम्बन्धित क्षेत्रको अध्ययनमा संलग्न रहने विज्ञान, प्रविधि, कला र साहित्य जगतमा भइरहेको आधुनिक विकासबारे जानकारी हासिल गर्न त्यहाँका संस्थासित बराबर सम्पर्क राखी राख्ने ।

६(२) ऐतिहासिक, आर्थिक, प्राविधिक, सांस्कृतिक, सामाजिक तथा वातावरण सम्बन्धित दुबै देश बीच जानकारी एवं विचारहरुको आदान प्रदान गर्ने ।

६(३) 'प्राज्ञिक केन्द्र' को रुपमा कार्य गरी नेपाल एवं जापानबारे जानकारी गराउने ।

६(४) नेपाल एवं जापानका जनताबीच मित्रता एवं समझदारी बढाउन विभिन्न शैक्षिक, सांस्कृतिक, सामाजिक र वातावरणीय क्रियाकलाप सञ्चालन गर्ने ।

⊕६(५) सामुदायिक विकास सम्बन्धी कार्यहरु सञ्चालन गर्ने ।

⊕६(६) एशोसिएसनसँग सम्बद्ध विज्ञहरु मार्फत विविध विषयमा परामर्श सेवा प्रदान गर्ने ।

**७. एसोसिएसनको काम कर्तव्य र अधिकारः**

दफा ६ बमोजिमको उद्देश्य प्राप्तिका लागि एसोसिएसनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

७(१) नेपाल एवं जापानको विज्ञान, प्रविधि, कला, साहित्य र वातावरण क्षेत्रमा भएका क्रियाकलापको साथसाथै नेपाल-जापानको ऐतिहासिक, सामाजिक तथा सांस्कृतिक पक्षबारे जानकारी गर्ने गराउने।

७(२) नेपाल एवं जापानको विज्ञान तथा संस्कृति झल्किने सामग्रीहरु प्रकाशन वा अनुवाद गरी उपलब्ध गराउने ।

७(३) एसोसिएसनको उद्देश्य प्राप्तिका लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

Σ७(४) एसोसिएसनले आफ्नो उद्देश्य प्राप्तिका लागि नेपाल जाइका अलमनाई एसोसियसन (जान) जस्तै अन्य जाइका अलमनाई एसोसिएसनहरु र ती एसोसिएसनसँग सम्बन्धित छाता सङ्गठनसँग समझदारी र समन्वय गर्न त्यस सम्बन्धी विनियम वा चार्टर बनाई काम गर्न सक्नेछ ।

---

↔चौथो संशोधनद्वारा रुपान्तरित

¥ छैठौं संशोधनद्वारा संशोधित

⊕चौथो संशोधनद्वारा थप

Σ छैठौं संशोधनद्वारा थप

८. **सदस्यको प्रकारः**

एसोसिएसनको देहाय बमोजिमका सदस्य हुनेछन् :-

८(१) साधारण सदस्य

८(२) आजीवन सदस्य

८(३) मानार्थ सदस्य

८(४) यशस्कर सदस्य

९. **सदस्यको योग्यताः**

९(१) जाइका Σवा जाइकासँग सम्बद्ध निकायबाट जापानमा अध्ययन एवं तालीम वा शैक्षिक भ्रमण गरी फर्केका नेपाली नागरिक यस एसोसिएसनका सदस्य हुन सक्नेछन् ।

९(२) समितिले ठहर गरेको प्रतिष्ठित विद्वान, जापानी राजदूतावास र जाइकाका अधिकारीलाई पनि मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ ।

९(३) दफा ९(१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वि.सं. २०५६ को संशोधनभन्दा अगाडी कायम रहेका सदस्यहरुको सदस्यतालाई यस परिवर्तनबाट कुनै असर पर्ने छैन ।

**∅९क. सदस्यको योग्यता सम्बन्धी विशेष व्यवस्थाः**

९(१) एसोसिएसनबाट वि.सं. २०७५ साल श्रावण (अगष्ट, २०१८) मा प्रकाशन गरिएको सदस्यहरुको प्रोफेशनल प्रोफाइलमा फोटो सहितका अद्यावधिक विवरण समावेश भएका वा वि.सं. २०७५ साल श्रावण पछि एसोसिएसनको सदस्यता प्राप्त गरेका साधारण र आजीवन सदस्यहरु वा वि.सं. २०७५ साल श्रावण अगाडि एसोसियसनको साधारण र आजीवन सदस्यता प्राप्त गरेर पनि एसोसिएसनको प्रोफाइलमा अद्यावधिक विवरण समावेश नभएका तर वि.सं. २०७४ साल पछि एसोसिएसनको लगातार भएका तीन साधारण सभा मध्ये कम्तीमा एउटा साधारण सभामा उपस्थित भएका साधारण र आजीवन सदस्यहरु सकृय सदस्य मानिने छन् ।

९(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वि.सं. २०७४ साल पछि वा आफुले सदस्यता लिएपछि भएका एसोसिएसनका पछिल्ला लगातार तीन साधारण सभा मध्ये कम्तीमा एउटा साधारण सभामा पनि उपस्थित नभएका साधारण तथा आजीवन सदस्यहरु निस्कृय सदस्य मानिने छन् ।

९(३) एसोसिएसनको निर्वाचनमा उम्मेदवार हुन, मतदाता हुन, निर्वाचन उपसमिति लगायतका अन्य उपसमितिमा रहन सक्रिय सदस्य हुनु पर्नेछ ।

९(४) एसोसिएसनका सबै सभा, बैठकमा गणपुरक संख्याको गणना गर्दा हरेक वर्षको असार मसान्तमा कायम रहेका सक्रिय सदस्यको संख्यालाई आधार मानी गणना गरिने छ । वार्षिक साधारण सभामा भएको उपस्थितिको रेकर्ड हरेक वर्षको असार मसान्तमा समितिले चेक/ जाँच गरी सक्रिय र निष्क्रिय सदस्यको रुपमा वर्गिकरण गर्नेछ र एशोसियसनमा सदस्यहरुको नामावली अद्यावधिक गरी एशोसियसनका अध्यक्ष र महासचिव बाट प्रमाणित गराइ राख्नु पर्नेछ ।

---

Σ छैठौं संशोधनद्वारा थप

∅ सातौं संशोधनद्वारा थप